बुद्धशान्ति गाउँपालिका

# बुद्धशान्ति राजपत्र

बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः ७ | संख्याः ६ | प्रकाशित मितिः २०८०।०५।०६ |
| --- | --- | --- |
| कार्यपालिकाबाट स्वीकृतः २०८०।०४।३२ | | |


भाग-२

## बुद्धशान्ति गाउँपालिका

## सम्वत् २०८० सालको कार्यविधि नं.-६

## बुद्धशान्ति गाउँपालिकाको सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः**

गाउँपालिका, वडा कार्यालय तथा अन्तर्गतका कार्यालयमा रहेको सम्पति तथा भौतिक संरचना, मेसिनरी औजार तथा भारी उपकरण र सवारी साधन (घोडा, साईकल वाहेक) तथा गाउँपालिकाले जफत गरेका वा कानूनी कारवाहीका क्रममा गाउँपालिकाको नियन्त्रणमा आइ तोकिएको म्याद भित्र सम्बन्धित धनीले फिर्ता नलगेका जुनसुकै किसिमका वारिसे वा वेवारिसे मालसामान लिलाम गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) वमोजिम कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्याविधिको नाम “बुद्धशान्ति गाउँपालिकाको सम्पत्ति तथा जिन्सी मालसामान लिलाम सम्बन्धी कार्यविधि, २०८०” रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "अध्यक्ष" भन्नाले बुद्धशान्ति गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ख) "उपाध्यक्ष" भन्नाले बुद्धशान्ति गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धशान्ति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

ङ) "कार्यालय" भन्नाले बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

च) "मूल्याङ्कन समिति" भन्नाले सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री गर्ने प्रयोजनको लागि मूल्याङ्कन गर्न कार्यविधिको दफा ६(१) बमोजिमको समिति सम्झनु पर्छ ।

छ) सम्पत्ति भन्नाले कार्यालयको श्रेस्तामा आम्दानी बाँधिएका एक वर्षभन्दा बढी अवधि खप्ने सम्पत्ति सम्झनु पर्छ ।

ज) "लिलाम" भन्नाले गाउँपालिकाले जफत गरेका वा कानूनी कारवाहीका क्रममा गाउँपालिकाको नियन्त्रणमा आइ तोकिएको म्यादभित्र सम्बन्धित धनीले फिर्ता नलगेका जुनसुकै किसिमका वारिसे वा वेवारिसे मालसामान वा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा वेकम्मा भई पुन प्रयोग गर्न नसकिने वा प्राविधिकबाट निरीक्षण गर्दा कुनै जिन्सी मालसमान मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाईने र मर्मत गर्दा उक्त सामानको वजार मूल्यको २५ प्रतिशत भन्दा बढि खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी प्रतिवेदनमा उल्लेख भएको दफा २ (क) (१) वमोजिमका सामानहरु सम्झनु पर्छ ।

**३. उद्देश्यः** यो कार्यविधिका उद्देश्यहरु निम्न वमोजिम रहेका छनः

क) जिन्सी निरीक्षण गर्दा टुटफुट तथा वेकम्मा भएका जिन्सी मालसामानहरुको लिलाम बिक्री गरी कार्यालय परिसर सफा राख्ने तथा लिलामका माध्यमबाट गाउँपालिकाको आम्दानीको श्रोत बृद्धि गर्ने।

ख. कार्यालयले कानून बमोजिम जफत गरेका मालसामानको समयमा नै उचित व्यवस्थापन गर्ने ।

ग. कानून विपरित गतिविधि गरेको कसुरमा गाउँपालिकाले नियन्त्रणमा लिएका जुनसुकै मालसामान तथा चौपाया सम्बन्धित धनिले तोकिएको जरिवाना तिरी फिर्ता नलिएको वा तोकिएको अवधि भित्र हकदावी नै पर्न नआएको वेवारिसे मालसामान वा चौपायाको उचित व्यवस्थापन गर्ने।

४. **लिलाम विक्री गर्नेः** (१) देहायका मालसामानहरु लिलाम विक्री गर्न सकिनेछ ।

क) वेकम्मा हुन पुगेका सम्पत्ति तथा सामाग्रीहरु,

ख) जुन सुकै कारणबाट जफत गरिएका सम्पत्ति तथा सामाग्रीहरु,

ग) कानून विपरित गतिविधि गरेको कसुरमा गाउँपालिकाले नियन्त्रणमा लिएका तर सम्बन्धित धनीले तोकिएको समयमा तोकिएको जरिवाना वुझाई फिर्ता नलिएको वा हकदावी नपरी वेवारिसे ठहर भएका जुनसुकै मालसामान तथा चौपायाहरु,

घ) कार्यपालिकाको निर्णय अनुसारका सम्पत्ति तथा सामाग्रीहरु,

ङ) लिलाम विक्री गर्ने निर्णय गर्दा निर्माण वा खरिद भएको मितिले सवारी साधनको हकमा बीष वर्ष, मोबाइल, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिन, सर्भर लगायत सूचना प्रविधिजन्य मालसामानको हकमा पाँच वर्ष, फर्निचरको हकमा दश वर्ष, र अन्य मेशिनरी औजारको हकमा पन्ध्र वर्षभन्दा कम अवधि भएको मालसामान प्राविधिकबाट निरीक्षण गराई प्रतिवेदन लिएर मात्र लिलाम गर्नुपर्ने वा नपर्ने एकिन गर्नुपर्नेछ ।

च) घर, जग्गा जस्ता स्थीर सम्पत्ति नेपाल सरकारको निर्णय बेगर लिलाम विक्री गर्न पाइने छैन,

तर पुरानो घर भत्काई नयाँ बनाउन वा अन्य कुनै कारणले पुरानो घर भत्काउदा निस्किएको सामाग्री यो कार्यविधिको प्रकृया पुरा गरी लिलाम विक्री गर्न बाधा पुगेको मानिने छैन ।

(२) कार्यालयले प्रत्येक आर्थिक वर्ष सकिएको तीन महिना भित्र जिन्सी निरीक्षण गराउनु पर्दछ । जिन्सी निरीक्षण समितिले दिएको आफ्नो प्रतिवेदनमा वेकम्मा भई लिलाम गर्न मनासिव ठहरिएका सामानहरु स्पष्ट किटान गर्नुपर्दछ । सामान्यतया निम्न अवस्थामा सामान वेकम्मा मान्न सकिन्छः

क) सामान जुन कामको लागि राखिएको हो सो काममा प्रयोग गर्ने नसकिने भएको,

ख) खरिद गरिएको मितिबाट बाह्र वर्ष पुरा भएको र सामान विग्रिएर सो को मर्मत गर्दा नयाँ सामानको मुल्यको २५ प्रतिशत वा सो भन्दा बढी लाग्ने देखिएको,

ग) अनुसुचि-३ मा उल्लेखित ह्रासकट्टीको दर लगाई सामानको कितावी मुल्य निकाल्दा परल मुल्यको ५ प्रतिशत वा सो भन्दा कम मात्र रहन गएको (शुरु मुल्य र शुरु साल नखुलेको अवस्थामा यो मापदण्ड प्रयोग गर्न सकिदैन),

घ) अघिल्लो अर्थिक वर्षमा सामान मर्मतमा गरिएको खर्च र सो आ.व.मा सो सामानको ह्रासकट्टी हुने रकम जोड्दा नयाँ सामानको मुल्यको ४० प्रतिशत वा सो भन्दा बढी हुन गएको,

द्रष्टव्यः “परल मुल्य भन्नाले शुरुमा खरीद गर्दाको इन्भ्वाइस मुल्य, ढुवानी खर्च र सामानको कुनै भागमा नयाँ उपकरण जडान गरिएको भए सो समेतको खर्च जोडिएको मुल्य सम्झनु पर्दछ । यदि भन्सार छुट सुविधा प्राप्त गरिएको भए इन्भ्वाइस मुल्यमा भन्सार शुल्क समेत जोडी परल मुल्य कायम गर्नु पर्दछ ।”

५. **विवरण तयार गर्नुपर्नेः** (१) कार्यालयको जिन्सी शाखाले सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम विक्री गर्नुपर्ने भनि पहिचान भएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण अनुसूची १ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण तयार भएपछि कार्यालयको जिन्सी शाखाले त्यस्तो विवरणमा उल्लेखित सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री प्रक्रिया सुरु गर्ने स्वीकृतिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र त्यसरी पेश हुन आएमा प्रमुख प्रशासकीय अधिकृतले लिलाम विक्रीको प्रक्रिया अघि वढाउन स्वीकृति दिन सक्नेछ ।

तर स्थायी भवन संरचना भत्काइ लिलाम विक्री गर्दा वा जुनसुकै कारणबाट जफत भएका मेशिन, उपकरण वा मालसामान लिलाम बिक्री गर्दा वा कानून विपरित गतिविधि गरेको कसुरमा गाउँपालिकाले नियन्त्रणमा लिएका जुनसुकै मालसामान तथा चौपाया सम्वन्धित धनिले तोकिएको जरिवाना तिरी फिर्ता नलिएको वा तोकिएको अवधि भित्र हकदावी नै पर्न नआएको वेवारिसे मालसामान वा चौपाया लिलाम विक्री गर्दा कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(३) कार्यपालिकाको निर्णय वा सैद्धान्तिक स्वीकृति वेगर स्थायी प्रकृतिका भवन संरचना भत्काउन र उक्त भवनमा प्रयोग भएका मालसामान लिलाम गर्न सकिने छैन । कार्यपालिकाको निर्णय वा सैद्धान्तिक स्वीकृति बमोजिम भत्काइने भवन संरचनाबाट निस्किने मालसामानहरुको लिलाम विक्री गर्दा कार्यालयको प्राविधिक कर्मचारीबाट प्रारम्भिक मूल्याङ्कन गराई दफा ६ वमोजिमको मूल्याङ्कन समितिमा छलफलको लागि पेश गर्नु पर्नेछ ।

६. **मुल्याङ्कन गर्नुपर्नेः** (१) यस कार्यविधि वमोजिम लिलाम गर्नु पर्ने सम्पत्ति तथा जिन्सी मालसामानको मूल्याङ्कन गर्न देहाय वमोजिम समिति रहनेछः

क) कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य — संयोजक

ख) कार्यालयको पूर्वाधार विकास शाखा प्रमुख — सदस्य

ग) कार्यपालिकाले तोकेको सम्बन्धित विषयको विशेषज्ञ प्रतिनिधि — सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

ङ) जिन्सी उपशाखाको प्रमुख — सदस्य सचिव

समितिले आवश्यकता अनुसार अन्य २ जना सम्म सदस्य आमन्त्रण गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) दफा ५ मा उल्लेखित लिलाम विक्री गर्नुपर्ने सबै वर्गका मालसामानहरु लिलाम विक्री गर्न प्रयोजनको लागि न्यूनतम मूल्याङ्कन कायम गर्ने

ख) समितिले न्यूनतम मूल्य कायम गर्दा देहायका कुरामा ध्यान दिनु पर्छः

अ. प्रचलित वजार मूल्य,

आ. लिलाम विक्री हुने सामानको अवस्था उपयोगिता सेवा आयु ह्रासकट्टी र अवशेष मूल्य,

इ. सवारी साधन वा मेसिन औजार भए बनेको साल मोडल आउटडेटको अवस्था,

ई. भन्सार छुट प्राप्त मालसामानको मूल्य कायम गर्दा भन्सार मूल्य समावेश गरी सो मुल्यमा समेत ह्रासकट्टी गर्नुपर्ने व्यहोरा,

उ. मूल्याङ्कन गर्दा सम्बन्धित विशेषज्ञबाट परीक्षण गराई लिलाम विक्री गर्न लागेको सरसामान पुनः प्रयोग हुन सक्ने नसक्ने वा मर्मत गर्दा लाग्ने लागत समेतलाई दृष्टिगत गरी मूल्य कायम गरी अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालयलाई प्रतिवेदन पेश गर्नुपर्नेछ ।

ग) लिलाम विक्री गर्नु पर्ने मालसमानको पहिचान एवम् यकिन गर्ने ।

घ) सम्पत्ति तथा जिन्सी मालसामानको मूल्याङ्कन गर्दा अनुसूची-३ बमोजिम घट्दो ह्रासकट्टी दर कायम गरी मूल्याङ्कन गर्नु पर्नेछ ।

तर उल्लिखित आधारहरु कुनै पनि वा आंशिक रुपमा किटान गर्न नसकिने मालसमानको हकमा समितिले कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । कार्यपालिकाले सम्बन्धित विशेषज्ञ खटाई प्रतिवेदन लिई मूल्य कायम गर्न समितिलाई निर्देशन दिन सक्नेछ ।

७. **लिलाम विक्री गर्ने विधिः** (१) दफा ६ वमोजिम मूल्य कायम भएको सम्पत्ति तथा जिन्सी मालसामान देहाय बमोजिम लिलाम वढावढ गरी लिलाम विक्री गर्नु पर्नेछः

(क) तीन लाख सम्म मूल्य कायम भएका सम्पत्ति तथा जिन्सी मालसामान ७ दिनको म्याद दिइ कार्यालयको सूचना पाटी तथा वेबसाईटमा सूचना प्रकाशन गरेर

(ख) तीन लाख देखि दश लाखसम्म मूल्य कायम भएका सम्पत्ति तथा जिन्सी मालसामान १५ दिनको म्याद दिइ कार्यालयको सूचना पाटी तथा वेबसाईट र स्थानीयस्तरको पत्रिकामा सूचना प्रकाशन गरेर

(ग) दश लाख देखि माथि मूल्य कायम भएका सम्पत्ति तथा जिन्सी मालसामान २१ दिनको म्याद दिइ कार्यालयको सूचना पाटी तथा वेबसाईट र राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरेर

(२) उपदफा (२) वमोजिम टाँस वा प्रकाशन गरिने सूचनामा देहाय बमोजिमका विवरण खुलाउनु पर्नेछः

क) मालसमानको विवरण

ख) मालसमानको न्यूनतम मूल्य

ग) लिलाम बढाबढ हुने मिति स्थान समय (शुरु र अन्त्य हुने समय वजे)

घ) न्यूनतम मूल्यकबाट बढाबढ शुरु हुने कुरा

ङ) लिलाम सकार गर्न डाँक बोल्न अघि नै न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा र डाक अंक वढदै गएमा सोही अनुपातमा धरौटी थप गर्ने जानु पर्ने कुरा

च) लिलाम सकार गरेको मालसमान उठाई लैजानु पर्ने अवधि

छ) अन्य आवश्यक कुराहरु

कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा लिलाम बढाबढको सूचना प्रकाशन गर्नुपर्नेछ ।

**८. वोलपत्रको माध्यमबाट लिलाम विक्री गर्न सकिनेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वोलपत्रको माध्यमबाट लिलाम विक्री गर्न मनासिव देखिएमा सम्पत्ति तथा जिन्सी मालसमान हेर्न सक्ने व्यवस्था मिलाई दफा ७ को उपदफा (१) वमोजिमको म्याद दिई वोलपत्र आह्वान गर्न सकिनेछ ।

(२) वोलपत्रको सूचना र वोलपत्र फारम प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) कार्यालयले यसरी वोलपत्र आह्वान गरिएकोमा कबोल अङ्कको दश प्रतिशतले हुने रकम वरावरको बैंक जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर वोलपत्र साथ राख्नु पर्नेछ । वोलपत्र माग गर्दा खरिद र दाखिला सम्बन्धी कार्य सम्वन्धित कार्यालयमा गर्ने व्यवस्था मिलाउन पर्नेछ ।

(४) दफा ७ (१) वा दफा ८ (१) वमोजिम प्रकाशित सुचना वमोजिम लिलाम सकार गर्न चाहने व्यक्ति फर्म संस्था वा कम्पनीले देहाय वमोजिमको वोलपत्र फाराम दस्तुर तिरी सम्बन्धित कार्यालयबाट सो कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको वोलपत्र फारम खरिद गर्नु पर्नेछ ।

क) तीनलाख रुपैयासम्मको न्यूनतम अंक भएको वोलपत्रको लागि रु. १०००।-

ख) तीन लाख देखि दश लाख रुपैयासम्मको न्यूनतम मूल्य कायम भएको वोलपत्रको लागि रु. २०००।-

ग) १० लाख भन्दा माथि जतिसुकै रकम न्यूनतम मूल्य कायम भएको वोलपत्रको लागि रु. ३०००।-

(५) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिभित्र पेश हुन आएका वोलपत्र फारम अनुसूची-४ वमोजिको ढाँचामा तयार गरिएको दर्ता किताबमा दर्ता गरी सुरक्षित गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम दर्ता हुन आएका वोलपत्र उपदफा (१) वमोजिमको सूचनामा तोकिएको अवधिमा खोली अनुसूची-५ वमोजिमको ढाँचामा मूचुल्का गर्नु पर्नेछ । एउटा मात्र वोलपत्र दर्ता हुन आएमा प्रक्रिया अघि वढाउन वाधा पर्ने छैन ।

(७) उपदफा (५) बमोजिम दर्ता हुन आएका वोलपत्र सार्वजनिक खरिद नियमावली बमोजिमको मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको मूल्याङ्कन समितिले मूल्याङ्कन गरी सिफारिस गरेको सवैभन्दा बढी कवोल गर्ने रीतपूर्वक पेश भएको वोलत्रदाताको वोलपत्र स्वीकृतिको लागि सिफारिस गर्नु पर्नेछ । उक्त सिफारिसको जानकारी सो वोलपत्रमा भागलिने अन्य वोलपत्रदातालाई ७ दिनको म्याद दिई कार्यालयको सूचना पाटी र वेवसाईटमा सूचना प्रकाशन गरी दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको समयमा कुनै वोलपत्रदाताले आफूलाई अन्याय भएको महसुस गरी निवेदन पेश गर्न सक्नेछ । प्रमुख प्रशासकीय अधिकृतले उक्त निवेदन उपर ५ दिन भित्र निर्णय गर्नु पर्नेछ ।

(१०) उपदफा (८) बमोजिमको समयमा कुनै उजुरी नपरेमा वा उपदफा (९) वमोजिमको अवधिमा उजुरीकर्ताको निर्णय उपर कुनै त्रुटी नदेखिएको भनि निर्णय गरिएमा कार्यालयले बोलपत्र स्वीकृत गरी प्रचलित कानुन वमोजिम सम्बन्धित वोलपत्रदातासँग सम्झौता गरी कार्य अघि वढाउनु पर्नेछ।

(११) लिलाम सकार गरेको जिन्सी मालसमान सम्बन्धित कार्यालयले तोकेको अवधि भित्र कवोल गरेको पुरा रकम बुझाई नउठाएमा राखिएको धरौटी जफत गरी जफत रकम वरावर मात्र घटी भएका क्रमश  दोश्रो, तेश्रो वा चौथो घटीवालाको कवुल अंक स्वीकृत गर्न सकिने छ । यसबाट पनि लिलाम हुन नसकेमा पुन लिलाम गर्नु पर्नेछ ।

(१२) बोलपत्र स्वीकृत गर्ने अधिकार देहाय बमोजिमका पदाधिकारीमा रहनेछः

क) दशलाख रुपैयासम्मको न्यूनतम अंक भएको वोलपत्र प्रमुख प्रशासकीय अधिकृतको निर्णय अनुसार

ख) दश लाखभन्दा वढी रुपैया न्यूनतम मूल्य कायम भएको वोलपत्र अध्यक्षको निर्णय अनुसार

९. **पुनः लिलाम विक्री गराउनु पर्नेः** (१) कार्यालयले देहायका अवस्थामा पहिलो पटक सूचना प्रकाशन गर्दा बिक्री हुन नसकेका सम्पत्ति तथा जिन्सी मालसामान देहायको अवस्थामा पुन लिलाम बिक्री गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

क. तोकिएको म्यादभित्र डाँक बोल्न कोही नआएमा वा त्यस्तो म्यादभित्र कुनै बोलपत्र नपरेमा,

ख. रीतपूर्वकको बोलपत्र नपरेमा,

ग. लिलाम बिक्रीको सम्झौता रद्ध गरिएमा ।

(२) उपदफा (१) बमोजिम पुन लिलाम बिक्री गर्दा पहिलो पटक दिएको सूचनाको आधा अवधि दिई पुनः लिलाम विक्रीको कारवाही गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम पुनः लिलाम बिक्री गर्ने सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कायम र लिलाम बिक्री सम्बन्धी अन्य व्यवस्था पहिलो पटकको लिलाम बिक्रीको लागि तोकेबमोजिम हुनेछ ।

१०. **न्यूनतम मूल्यमा सोझै विक्रीबाट लिलाम गर्न सक्नेः** (१) दफा ९ वमोजिम पुनः लिलाम विक्री हुन नसकेका सम्पत्ति तथा जिन्सी मालसामानलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी पहिलो पटकको लागि कायम न्यूनतम मूल्यमा सोझै बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः लिलाम बिक्री हुन नसकेका सम्पत्ति तथा जिन्सी मालसामानलाई मूल्याङ्कन समितिबाट पुनः मूल्याङ्कन गराई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी वार्ताद्वारा सोझै बिक्री गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रक्रियाबाट समेत बिक्री हुन नसकेमा कार्यालयले कम्तिमा २ जना कार्यपालिकाको सदस्यको रोहवरमा वार्ताद्वारा लिलाम कबोल रकम कायम गरी सोझै विक्री गर्न सक्नेछ।

११. **हस्तान्तरण गर्न, मिन्हा दिन वा नष्ट गर्न सकिनेः** कुनै सम्पत्ति तथा जिन्सी मालसामान दफा १० बमोजिम वार्ताद्वारा सोझै बिक्री हुन नसकेमा कार्यपालिकाको निर्णयबाट त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामान सामुदायिक विद्यालय तथा गैह्रनाफामूलक सीपमूलक संस्था, प्राविधिक शिक्षालय वा सामाजिक संघसंस्थालाई हस्तान्तरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण हुन नसकेमा कार्यपालिकाको निर्णयबाट मिनाहा वा नष्ट गर्ने गरी निर्णय गर्न सकिनेछ ।

(३) कार्यालयले उपदफा (२) बमोजिम मिनाहा वा नष्ट गर्दा मूल्याङ्कन समितिको रोहवरमा नष्ट गरी लगत कट्टा गर्नु पर्नेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम लिलाम गर्न नमिल्ने र सडी गरी वा अन्य कुनै तरिकाले नष्ट भई सकेका उपयोग मिति समाप्त भएका वा अन्य कुनै कारणबाट उपभोग गर्न नहुने प्रमाणित भएका सामान प्रमुख प्रशासकीय अधिकृतको आदेशमा कम्तीमा २ जना गाउँ कार्यपालिकाका सदस्यको रोहवरमा सम्बन्धित शाखा प्रमुखले मुचुल्का खडा गरी सार्वजनिक रुपमा सडाउने जलाउने वा अन्य प्रकारले नष्ट गर्ने वा हटाउने काम गर्न सक्नेछ । यसरी नष्ट गरेपछि त्यस्तो सामानलाई मुचुल्काको आधारमा जिन्सी खातामा मिन्हा खर्च जनाउनु पर्नेछ ।

(५) विपद वा चोरी डकैती लगायतका अप्रत्यासित घटनाबाट कुनै सम्पत्ति तथा जिन्सी सामाग्री हराए वा नष्ट भएमा प्रहरी सर्जमिन मुचुल्का गरी त्यस्ता सम्पत्तिहरु कार्यपालिकाको निर्णयबाट मिनाहा गर्न सकिनेछ ।

**१२. लिलाम वढावढ र घटाघट सम्वन्धी विशेष व्यवस्थाः** (१) निर्माण भएका भौतिक संरचना भत्काई लिलाम बिक्री गर्दा भत्काउन लाग्ने खर्च र मालसामान बिक्री गर्दा प्राप्त हुने रकमको आइटम वाइज लागत अनुसार तयार गर्नु पर्नेछ । लिलामबाट प्राप्त हुने रकम संरचना भत्काउदा लाग्ने खर्च भन्दा बढी हुन आएमा फरक रकमलाई नै न्युनतम मुल्य मानी लिलाम वढावढ र संरचना भत्काउदा लाग्ने खर्च लिलामबाट प्राप्त हुने रकम भन्दा वढी हुन आएमा फरक रकमलाई नै न्युनतम मुल्य मानी लिलाम घटाघटको माध्यमबाट कारवाही गर्नु पर्नेछ । वोलपत्रबाट लिलाम सम्वन्धी कारवाही गर्दा समेत यसै विधि र प्रक्रियाबाट न्यूनतम मूल्य कायम गर्नुपर्नेछ ।

**१३. संशोधन र खारेजीः** (१) कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन वा खारेज गर्न सक्नेछ।
ख) यो कार्यविधि कार्यान्वयनमा अन्यौल वा वाधा उत्पन्न भएमा कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

अनुसूची-१
(कार्यविधिको दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा कोशी प्रदेश नेपाल

लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण

| क.सं. | संकेत नं. | सम्पत्ति तथा मालसामानको नाम | स्पेसिफिकेशन | सुरु प्राप्त मिति | प्रयोग भएको अवधि (वर्ष) | लिलाम बिक्री गर्नुपर्ने परिमाण | परल मूल्य/प्रति इकाई | जम्मा रकम | लिलाम गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

**तयार गर्नेः**
नामः
पदः
दस्तखतः
मितिः

**जाँच गर्नेः**
नामः
पदः
दस्तखतः
मितिः

**स्वीकृत गर्ने**
नामः
पदः
दस्तखतः
मितिः

अनुसूची-२

(कार्यविधिको दफा ६ को उपदफा २ ख(उ) सँग सम्बन्धित)

बुद्धशान्ति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुधबारे, झापा नेपाल

मिति.............

विषय :मूल्याङ्कन समितिको प्रतिवेदन ।

मिति ............... को निर्णय अनुसार ..................कार्यालयमा रहेका प्रयोगमा आउन नसक्ने सम्पत्ति तथा जिन्सी मालसामानमध्ये **बुद्धशान्ति गाउँपालिका झापाको सम्पत्ति तथा जिन्सी मालसामान लिलाम सम्बन्धी कार्यविधि ,२०८०** को अनुसूची १ बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री गर्ने निर्णय भएकोले सो प्रयोजनका लागि उक्त सम्पत्ति तथा जिन्सी मालसामानको मूल्याङ्कन गर्न देहाय बमोजिमका प्रतिनिधिहरू रहेको मूल्याङ्कन समिति गठन भएको ।

क) कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य श्री .........................संयोजक

ख) कार्यालयको पूर्वाधार शाखा प्रमुख श्री .............................सदस्य

ग) कार्यपालिकाले तोकेको सम्बन्धित विषयको विशेषज्ञ प्रतिनिधि श्री............सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख श्री .............................सदस्य

ङ) जिन्सी उपशाखाको प्रमुख श्री .............................सदस्य सचिव

समितिले विभिन्न मितिमा बैठक बसी सम्पत्ति तथा जिन्सी मालसामानको मूल्याङ्कन फाराम, अनुसूची-१ को सि.नं. १ देखि सि.नं........ सम्मका सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा भौतिक अवस्था, उपयोगिता सेवा, आयु, बजार मूल्य अवशेष मूल्य घट्दो ह्रासकट्टी विधिलाई समेत आधार लिई मूल्य निर्धारण गर्दा सम्पत्ति तथा जिन्सी मालसामानको कुल न्यूनतम मूल्य रु ............ अक्षरेपीः.......................... कायम हुन आएको व्यहोरा पेश गरेका छौं ।

| | | | | |
|---|---|---|---|---|
| संयोजक | सदस्यः | सदस्यः | सदस्यः | सदस्यः |
| नामः | नामः | नामः | नामः | नामः |
| पदः | पदः | पदः | पदः | पदः |
| दस्तखतः | दस्तखतः | दस्तखतः | दस्तखतः | दस्तखतः |
| मितिः | मितिः | मितिः | मितिः | मितिः |

# अनुसूची-३
## कार्यविधिको दफा ६ को उपदफा २(ग) सँग सम्बन्धित ह्रासकट्टी दर

| **मालसामान** | **घट्दो ह्रासकट्टी प्रणाली अनुसारको ह्रासकट्टी दर प्रतिशतमा** |
|---|---|
| १) भवन | |
| (क) सिमेण्ट वा वज्र सुकीको जोडाई | ५ |
| (ख) माटोको जोडाई | ७ |
| (ग) काठ वा घाँस फुसले बनेको (अस्थाई) | ५० |
| २) यातायाका साधनहरु | |
| (क) वस/मिनीवस, ट्रक, लरी, | २० |
| (ख) कार, जीप, भ्यान, मोटर, साइकल, स्कुटर, टेम्पो, सन, दमकल, सक्सन टंयाक | १५ |
| (ग) साइकल रिक्सा | २० |
| (घ) माथि नपरेको अन्य सावरी साधन | २५ |
| ३) फर्निचर | |
| (क) धातुको | २० |
| (ख) काठको | २५ |
| ४) यन्त्र, उपकरण तथा औजार | |
| (क) भवन, सडक, पुल, खानी, टनेल निर्माण सम्बन्धि | ५ |
| (ख) बुल्डोजर, डोजर, ग्रेडर, रोलर, ड्रम्प, ट्रक र यस्तै प्रकृतिका यन्त्र उपकरण | २० |
| (ग) अन्य हलुका यन्त्र र उपकरण | २५ |
| (घ) विघुत सम्बन्धि यन्त्र उपकरण टेलीफोन, मोवाईल | २५ |
| (ङ) रेफ्रिजेरेटर, एयर कन्डिसनर, एयरकलर र यस्तै प्रकृतिका अन्य उपकरण | २५ |
| (च) लिफ्ट, एलिमेटर, तथा एस्क्यालेटर | २५ |
| (छ) कम्प्युटर सम्बन्धि उपकरणहरु | २५ |
| (ज) रबर र प्लाष्टिकका सामान बनाउन प्रयोग गर्ने यन्त्र उपकरण | २५ |
| (झ) होजीयरी तथा ऊनको सामान वनाउन प्रयोग गर्ने यन्त्र उपकरण | २५ |
| (य) क्यानमास तथा छालाका सामान सिलाई गर्ने तथा नाप्ने यन्त्र उपकरण | २५ |
| (ट) चिया कारखानामा प्रयोग हुने यन्त्र, उपकरण र प्लान्ट रोलर ड्रायर समेत | २५ |
| (ठ) बुस ब्वाइलिङ पेन्स (कराई) | २५ |
| (ड) उखु पेल्ने मेशिन | २५ |
| (ढ) सलाई बनाउन प्रयोग हुने काठका फर्म | २५ |
| (ण) एक्सरे मेशिन | २५ |

अनुसूची-४

(कार्यविधिको दफा ८(५) सँग सम्बन्धित)

बुद्धशान्ति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुधबारे, झापा नेपाल ।

सूचना नं.ः-.......

**लिलाम बढाबढ अभिलेख फाराम**

यस कार्यालयको मिति ............ को निर्णयानुसार लिलाम बिक्री गर्न निर्णय भएका सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री गर्ने सम्बन्धमा प्रकाशित मिति .............मा प्रकाशित सूचना बमोजिम आज मिति ............ गते हुने लिलाम बढाबढमा सि.नं. १ देखि सि.नं. ......उल्लिखित सम्पत्ति तथा मालसामानको एकमुष्ट बोलकबोल गर्ने व्यक्ति, संस्था, फर्म वा कम्पनी र बोलकबोल अङ्क देहायबमोजिम रहेको छ । यो लिलाम बढाबढमा कायम न्यूनतम मूल्य रु............ अक्षरुपी..........................रहेको छ ।

| सि.नं. | बोलकबोल गर्नेको नाम | ठेगाना | बोलकबोल अंक | ५ प्रतिशतले हुने धरौटी रकम | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तयार गर्ने

नामः

पदः

दस्तखतः

मितिः

अनुसूची-५

(कार्यविधिको दफा ८(६) सँग सम्बन्धित)

बुद्धशान्ति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुधबारे, झापा नेपाल ।

सूचना नं.-.........

## लिलाम बढाबढको मुचुल्का

यस कार्यालयमा रहेका सम्पति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढाबढको माध्यमद्वारा बिक्रीको लागि मिति.......... मा प्रकाशित सूचना अनुसार मिति ............ का दिनको ........ बजेदेखि .......... बजेसम्म .............. (स्थान) मा ............... (प्याकेज/समूह) का मालसामानको डाँक बढाबढ गर्दा श्री .............. बाट कबोल भएको रु. ....................... (अक्षरेपी .........................) भन्दा बढी रकम कबोल गर्न कोही पनि नआएको हुँदा निजको कबोल अंक रु ..............(अक्षरेपी ................) लाई नै अन्तिम कबोल अंक मानी लिलाम बढाबढको कार्य समाप्त गरी यो मुचुल्का तयार गरिएको छ ।

रोहवर

(लिलाम बढाबढमा भाग लिने समेतको )      अन्तिम बोलकबोल गर्नेको दस्तखतः

१. ................................................      .....................

२. ................................................

३. ................................................

कार्यालयको प्रतिनिधः-

१. ....................................................

२. ..................................................

मितः ....................... स्थानः .......................... समयः .................

अनुसूची-६

(कार्यविधिको दफा .... सँग सम्बन्धित)

बुद्धशान्ति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुधबारे, झापा कोशी प्रदेश नेपाल

सम्पत्ति तथा मालसामानको लिलाम बढाबढको सूचना

सूचना नं.ः-

प्रथम पटक प्रकाशित मिति २०.........

यस कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले .......... दिनभित्र (मिति २०...।..।...) लिलाम बिक्रीको लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रु ...............नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आह्वान गरिएको छ ।

(१) लिलाम बिक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरणः

| क.सं. | लिलाम हुने सम्पत्ति तथा जिन्सी मालसामान | सुरु खरिद मिति | ब्रान्ड | स्पेसिफिकेशन | न्यूनतम मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा कार्यम न्यूनतम मूल्य | | | | | |

(२) लिलाम बढाबढ हुने स्थान, समय र मिति

(क) स्थान......... (ख) मितिः...............(ग) समयः ........

(३) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम बिक्री मूल्यबाटै सुरु हुनेछ ।

(४) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रु. ... को ५% ले हुने रु..... नगद धरौटी राख्नुपर्नेछ ।

(५) प्रत्येक पटक डॉक बोल्न चाहने व्यक्तिवाट डॉक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानु पर्नेछ ।

(६) लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय ११.०० बजेदेखि २.०० बजेसम्म .......... शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।

(७) लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको मितिले ...... दिनभित्र उठाई लैजानु पर्नेछ।

(८) लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।

अन्य कुराहरूः (कार्यालयको आवश्यकता अनुसार राख्न सकिने ।

आज्ञाले

विनोद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत